मन्त्री
२०७७।०६।२३
मा स्वीकृत

# स्थानीय तह मार्फत सञ्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७७

**प्रस्तावना**ः कोभिड १९ को महामारीका कारण कृषि क्षेत्रमा परेको प्रभाव न्यूनीकरणका लागि ग्रामिण रोजगारी सिर्जना र आय आर्जनमा सघाउने उद्देश्यले प्रदेश सरकारले कोभिड विशेष कृषि कार्यक्रम संचालन गर्न स्थानीय तहहरुलाइ सशर्त अनुदानमा बजेटको व्यवस्था गरेको छ । स्थानीय तह मार्फत कार्यान्वयन हुने कोभिड विशेष कृषि कार्यक्रम (साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान, कोभिड प्रभावित भइ गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामग्रीमा अनुदान, एक स्थानीय तह एक उत्पादन कार्यक्रम र कृषि/पशुपन्छी अधिकृत जनशक्ति सेवा करार कार्यक्रम) सशर्त अनुदानमा स्थानीय तहबाट कार्यान्वयन गर्ने गराउने क्रममा रहेको छ । चालु आ. व. मा स्थानीय तह मार्फत हुन सक्ने कोभिड विशेष कृषि कार्यक्रम तथा बजेट कार्यान्वयन प्रक्रियामा एकरुपता ल्याई कार्यक्रम सुव्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले देहायको कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "स्थानीय तह मार्फत सञ्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “अनुदान” भन्नाले लुम्बिनी प्रदेशको अनुदान व्यवस्थापन एकिकृत मार्गदर्शन, २०७६ मा उल्लेख भएको अनुदान सम्झनु पर्छ र सो शब्दले कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कार्यक्रमहरुको लागि कार्यालयबाट उपलब्ध गराईने अनुदान रकमलाई बुझाउँछ।

(ख) “अनुदानग्राही” भन्नाले कोभिड विशेष कृषि कार्यक्रमबाट अनुदान प्राप्त गर्ने कृषक, उद्यमी, समूह, सहकारी, फर्म/कम्पनी र भारत लगायत अन्य देशबाट फर्केका बेरोजगार व्यक्तिलाई सम्झनु पर्छ।

(ग) “कार्यक्रम” भन्नाले कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गतका चार वटा (साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान, कोभिड प्रभावित भइ गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामग्रीमा अनुदान, एक स्थानीय तह एक उत्पादन कार्यक्रम र कृषि/पशुपन्छी अधिकृत जनशक्ति सेवा करार कार्यक्रम) कार्यक्रमहरुलाई सम्झनु पर्छ।

मन्त्री

(घ) "कार्यालय" भन्नाले कार्यक्रम सञ्चालन गर्ने सम्वन्धित स्थानीय तहलाई सम्झनु पर्छ।

(ङ) "कृषि" भन्नाले तरकारी, फलफुल, पुष्प, मसला वाली, मौरीपालन, रेशमखेती र च्याउ खेती, पशुपन्छीपालन तथा माछापालनलाई लगातयका कृषि व्यवसाय सम्झनु पर्छ।

(च) "निर्देशनालय" भन्नाले कृषि क्षेत्रको हकमा कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य क्षेत्रको हकमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका उप-महानगरपालिका, नगरपालिका तथा गाउँपालिकालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## कोभिड विशेष कृषि कार्यक्रम सम्बन्धी व्यवस्था

३. **कोभिड विशेष कृषि कार्यक्रमः** प्रदेश सरकारबाट आ.व. २०७७/०७८ मा कृषि तथा पशुपन्छी क्षेत्रमा लुम्बिनी प्रदेश अन्तर्गत स्थानीय तह मार्फत कार्यान्वयन हुने कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गत देहाय वमोजिमका क्रियाकलापहरु रहेका छन्।

(१) साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम

(२) कोभिड प्रभावित भइ गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामग्रीमा अनुदान कार्यक्रम

(३) एक स्थानीय तह एक उत्पादन कार्यक्रम

(४) कृषि/पशुपन्छी अधिकृत जनशक्ति सेवा करार कार्यक्रम

४. **उद्देश्यः** स्थानीय तह मार्फत कृषिको उत्पादन तथा उत्पादकत्वमा बृद्धि, गरीबी निवारण, खाद्य सुरक्षा र कृषि क्षेत्रबाट आयस्तर वृद्धिका लागि समय सापेक्ष कोभिड विशेष कृषि कार्यक्रमहरु मार्फत सेवाटेवा प्रवाह गराउन कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :-

(क) स्थानीय आवश्यकता, माग र सम्भावनाका आधारमा ठाउँ विशेष अनुसारको बालीवस्तु विशेषको पहिचान गरी आवश्यक कार्यक्रम कार्यान्वयन गर्ने,

(ख) साना कृषक, सुकुम्बासी, गरिब, महिला, जनजाति तथा दलितलाई प्राथमिकतामा राखी कृषकहरुको जिविकोपार्जन सुधारमा सहयोग पुर्याउने,

(ग) कार्यक्रम कार्यान्वयनको लागि प्रत्येक स्थानीय तहमा कृषि अधिकृत (कृषि तथा पशु विकास/मत्स्य विकास/ पशु चिकित्सक) छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने कार्य,

मन्त्री

(घ) कृषि कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न सम्वन्धित सरोकारवाला निकायहरुसँग आवश्यकता अनुसार समन्वय तथा सहकार्य गर्ने ।

५. <u>कार्यक्षेत्र</u>: यो कार्यक्रम लुम्बिनी प्रदेशका सवै स्थानीय तहहरुमा सञ्चालन हुनेछ।

६. <u>स्थानीय तहको भूमिका र कार्यहरु</u>: (१) स्थानीय तहबाट कृषक, समूह, सहकारी तथा समिति वा सञ्जालमा संलग्न कृषकहरुलाई प्रत्यक्ष लाभ हुने देहाय बमोजिम कोभिड विशेष कृषि कार्यक्रम संचालन हुनेछन् :-

(क) अनुदानमा साना कृषि औजार तथा यन्त्र उपकरण वितरण कार्य,

(ख) कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई कृषि उत्पादन सामग्रीमा सहयोग कार्य,

(ग) एक स्थानीय तह एक उत्पादन कार्य,

(घ) कृषि/पशुपन्छी अधिकृत सेवा करार गरी सेवा प्रवाह ।

(२) सम्वन्धीत स्थानीय तहले सञ्चालित कार्यक्रमको चौमासिक तथा बार्षिक प्रगति प्रतिवेदन तयारी गरी सम्वन्धीत जिल्ला स्थित कृषि ज्ञान केन्द्र वा एकीकृत कृषि तथा पशुपंक्षी बिकास कार्यालय मार्फत मन्त्रालयमा पठाउनेछन ।

(३) स्थानीय तहले कार्यक्रम संचालनको लागि आवश्यक प्राविबिधिक सहयोग तथा अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने गराउनेछन।

७. <u>मन्त्रालयको जिम्मेवारी</u>: सहकारी मन्त्रालयको जिम्मेवारी देहाय वमोजिम हुनेछ ।

(क) शसर्त अनुदानमा सञ्चालन हुने कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि र मार्गदर्शन तयार गर्ने,

(ख) स्थानीय तहमा कार्यान्वयन हुने कृषि कार्यक्रम तथा बजेट कार्यान्वयनमा सहजिकरण गर्ने,

(ग) सञ्चालित कृषि कार्यक्रमको चौमासिक/वार्षिक प्रगति समिक्षा गर्ने,

(घ) सम्वन्धित स्थानीय तहका प्राविधिक कर्मचारीको उत्प्रेरणाको लागि समयसापेक्ष नविनतम प्रविधि र बाली विशेष सम्वन्धि क्षमता अभिबृद्धि तालिम प्रदान गर्ने,

(ङ) कार्यक्रम अनुगमन तथा मूल्याङ्कन,

(च) स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको पृष्ठपोषण गर्ने।

८. <u>कार्यक्रम व्यवस्थापन समिति</u> : (१) यस कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछ :-

| | |
|---|---|
| (क) सम्वन्धीत स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत | अध्यक्ष |
| (ख) पशु सेवा शाखा प्रमुख | सदस्य |
| (ग) योजना शाखा प्रमुख | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) सम्वन्धीत कार्यक्रम हेर्ने कृषि शाखाको अधिकृत वा प्राविधिक | सदस्य सचिव |

मन्त्री

(२) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार बढीमा २ जना विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

९. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनको लागि सार्वजनिक सूचनाद्वारा प्रस्ताव आह्वान गर्ने,

(ख) प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गर्ने, गराउने,

(ग) छनौट भएका कार्यक्रमको लागि अनुदान रकम स्वीकृत गर्ने,

(घ) छनौट भएका प्रस्तावकसँग सम्झौता गर्न कार्यालयलाई सिफारिस गर्ने,

(ङ) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई राय सुझाव दिने।

१०. <u>कार्यक्रम कार्यान्वयन प्रक्रिया</u>: (१) यो कार्यक्रम लुम्बिनी प्रदेशको अनुदान व्यवस्थापन एकिकृत मार्गदर्शन, २०७६ अनुसार कार्यान्वयन गरिनेछ।

(२) सूचना प्रकाशन र अनुदानग्राही छनौट भएको जानकारी सम्वन्धित निर्वाचन क्षेत्रको प्रदेश सभा सदस्यलाई गराउनु पर्नेछ।

(३) अनुदान प्राप्त गर्ने अनुदानग्राहीसँग सम्झौता गरी कार्य सम्पन्न गर्नु पर्नेछ।

११. <u>अनुगमन तथा मूल्याङ्कन</u>: (१) सम्वन्धित स्थानीय तहले कार्यक्रम सञ्चालनको क्रममा र सम्पन्न भए पश्चात अनुगमन तथा मूल्याङ्कन र उपलब्धी मापन गरी प्रतिवेदन तयार गर्नेछ।

(२) सम्वन्धित स्थानीय तहले चौमासिक र बार्षिक रुपमा कार्यक्रमको प्रगति बिबरण तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(३) कार्यक्रमको निरिक्षण, अनुगमन तथा मूल्याङ्कन कार्य प्रदेश सभाको विषयगत समिति तथा सम्वन्धीत क्षेत्रका माननीय सदस्यहरु, मन्त्रालय, निर्देशनालय र मातहतका कार्यालयबाट समेत गरिनेछ।

(४) उपदफा (३) वमोजिमको निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गरी दिएको निर्देशनको पालना गर्नु सम्वन्धीत स्थानीय तह र अनुदानग्राहीको कर्तव्य हुनेछ।

## परिच्छेद-३

## <u>साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम सम्बन्धी व्यवस्था</u>

१२. <u>साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम</u>: कृषि पेशा श्रममूलक पेशाको रुपमा रहेकोले युवाहरु कृषि पेशाबाट पलायन भैरहेका छन । तसर्थ कृषिमा यान्त्रिकरण गरी कृषि व्यवसायलाई आधुनिक व्यवसायिक पेशाको रुपमा विकास गर्नको साथै कृषकहरुको उत्पादन लागत कम गर्ने र कृषकहरुको आयमा नाफा सुनिश्चित गर्दै कृषिमा युवा आकर्षण बढाउने उद्देश्यले कृषि

मन्त्री

यन्त्र तथा उपकरणहरुमा अनुदान कार्यक्रम प्रस्ताव गरिएको छ। शसर्त अनुदानमा स्थानीय तह मार्फत विभिन्न औजार तथा यन्त्र उपकरणहरु अनुदान कार्यक्रम अन्तर्गत कृषि औजार तथा यन्त्र उपकरणहरुको गुणस्तर, मूल्य, सहज पहुँच तथा वितरणमा एकरुपता कायम गर्न र बिक्री पछिको मर्मत संभारको सुनिश्चितता कायम गर्नु पर्ने देखिन्छ।

१३. <u>उद्देश्यः</u> कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :-

(क) कृषि औजार तथा यन्त्र उपकरणहरुको गुणस्तर, मूल्य, सहज पहुँच तथा वितरणमा एकरुपता ल्याई सुनिश्चितता कायम गराउने,

(ख) उत्पादन लागत घटाई कृषि व्यवसायमा नाफा सुनिश्चित गर्न यान्त्रीकरण गर्ने,

(ग) युवा श्रमशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्न गुणस्तरिय, सरल, सुलभ, टिकाउ तथा सहज पहुँच हुने कृषि औजार तथा यन्त्र उपकरणहरु उपलव्ध गराउने।

१४. <u>कार्यक्रम सञ्चालन प्रक्रियाः</u>

(१) मन्त्रालयले कृषि औजार उपकरण सम्वन्धी एकरुपता कायम गर्न तथा मूल्य व्यवस्थापनको लागि भौगोलिक क्षेत्र अनुसार आवश्यक पर्ने कृषि तथा पशुपन्छी क्षेत्रको लागि स-साना औजार तथा यन्त्र उपकरणहरुको सुची तयार गर्नेछ।

(२) विवरण तयार पश्चात सोही विवरणको आधारमा आपूर्तिकर्ताहरुबाट ३० (तीस) दिने सूचना प्रकाशन गरी स्पेसिफिकेसन सहितको दररेट माग गर्नु पर्नेछ।

(३) आपूर्तिकर्ताहरुले प्रस्ताव पेश गर्दा प्रस्तावकले आवश्यक कागजात सहित आपूर्ति गर्न सक्ने यन्त्र उपकरणहरुको स्पेसिफिकेसन (बिस्तृत विवरण) सहित दररेट र लुम्बिनी प्रदेशमा भएका आधिकारिक बिक्रेताहरुको बिवरण (ठेगाना र सम्पर्क नम्बरसहित) पेश गर्नु पर्नेछ ।

(४) स्थानीय स्तरमा साना कृषि यन्त्र उपकरणको कारोवार गर्ने ब्यवसायीहरुले पनि आपूर्ति गर्न सक्ने यन्त्र उपकरणहरुको स्पेसिफिकेसन (बिस्तृत विवरण) सहित दररेट पेश गर्न सक्नेछन ।

(५) आपूर्तिकर्ताहरुबाट पेश भएको कागजातको मूल्याङ्कन गर्न सम्वन्धित महाशाखा वा शाखा प्रमुखको संयोजकत्वमा मूल्याङ्कन कार्यदल वनाउनु पर्नेछ।

(६) आपूर्तिकर्ताहरुबाट पेश भएको कागजातको आधारमा मूल्याङ्कन कार्यदलले कृषि औजार उपकरण आपूर्तिको लागि योग्य भए नभएको आपूर्तिकर्ताहरुको मूल्याङ्कन प्रकृया सम्पन्न गर्नु पर्नेछ।

(७) मूल्याङ्कन प्रकृया सम्पन्न पश्चात आवश्यक अध्ययन गरी निर्णयका साथ कृषि यन्त्र उपकरण आपूर्ति गर्न योग्य आपूर्तिकर्ताको विवरण प्रकाशन गर्नुपर्नेछ।

(८) कार्यदलले आपूर्तिको लागि योग्य भएका आपूर्तिकर्ताहरुबाट पेश गरेको दररेट प्रस्तावलाई औजार उपकरणहरुको किसिम (Type), क्षमता (Capacity/Horse Power) तथा अन्य मिल्ने स्पेसिफिकेशन (Specification) को आधारमा एकै खालका औजार उपकरणहरुको समूहकृत गर्ने

(८) कार्यदलले आपूर्तिको लागि योग्य भएका आपूर्तिकर्ताहरुबाट पेश गरेको दररेट प्रस्तावलाई औजार उपकरणहरुको किसिम (Type), क्षमता (Capacity/Horse Power) तथा अन्य मिल्ने स्पेसिफिकेशन (Specification) को आधारमा एकै खालका औजार उपकरणहरुको समूहकृत गर्ने र उक्त समूहमा सबैभन्दा न्यूनतम् मूल्यलाई (lowest rate) आधार मानी कूल लागतको ५० प्रतिशतले हुन आउने रकम निर्धारण गरी मूल्याङ्कनको निर्णय गराई पेश गर्नुपर्छ।

(९) मन्त्रालय वा कार्यालयले आवश्यक अध्ययन गरी कृषि औजार उपकरणको अनुदान रकम तोक्नेछ।

(१०) स्थानीय तहहरुमा सोही अनुसार गर्ने तथा गराउने व्यवस्थाको लागि पत्राचार गर्ने तथा सोको जानकारी Website मा प्रकाशन गर्नेछ।

(११) सम्वन्धित स्थानीय तहले अनुदानग्राहीका लागि प्रस्ताव आह्वान, प्रस्ताव र मूल्याङ्कनको आधार सम्वन्धी निश्चित मापदण्ड बनाई अनुदानग्राही छनौट गर्नुपर्नेछ।

(१२) छनौट भएका अनुदानग्राहीले तोकिएको सुचीकृत भएका कम्पनी वा डिलरहरुबाट स्विकृत भएको यन्त्र उपकरणहरु खरिद गरी सम्झौता अनुसारको अनुदान भुक्तानीको लागि सम्बन्धित स्थानीय तहमा माग गर्नेछ ।

(१३) स्थानीय स्तरमा आपुर्तिकर्ता वा डिलर नभएको अवस्थामा अनुदानग्राहीले तोकिएको स्पेसिफिकेसन अनुसारको यन्त्र उपकरण अन्य बिक्रेताबाट खरिद गर्न बाधा पर्ने छैन तर अनुदान रकम सम्झौतामा तोकिएको सिमा भित्र मात्र उपलब्ध हुने छ ।

(१४) सम्झौता अनुसार खरिद गरिएको साना कृषि औजार तथा यन्त्र उपकरणमा प्राबिधिक अनुगमन र सिफारिसको आधारमा स्थानीय तहबाट नियमानुसार भुक्तानी हुनेछ ।

(१५) अनुदानमा वितरण गरिएको कृषि औजार उपकरणको लगत राख्ने र सोको जानकारी मन्त्रालयलाई उपलव्ध गराउनु पर्नेछ।

१५. **कार्यक्रम खर्च मापदण्डः** (१) कार्यक्रममा सहभागी हुने प्रति अनुदानग्राहीहरुले न्यूनतम रु. ५,०००।- (पाँच हजार) मूल्यका स-साना आधुनिक कृषि औजार तथा यन्त्र उपकरण खरिद गर्न सक्नेछन।

(२) यो कार्यक्रममा अनुदानग्राहीले विल अनुसारको रकममा ५० (पचास) प्रतिशत नबढ्ने गरी रु. ३५,०००।- (अक्षरुपी पैतिस हजार मात्र) सम्मका दरले अनुदान प्राप्त गर्नेछन्।

(३) यस कार्यक्रममा न्यूनतम पँचास जनालाई प्रति अनुदानग्राही बढीमा रु. ३५,०००।- (अक्षरुपी पैतिस हजार मात्र) का दरले अनुदान व्यवस्था गरिएको छ।

तर, बजेटको परिधिभित्र रही तोकिएको सिमा भन्दा बढी नहुने गरी पचास भन्दा बढी कृषकहरुलाई अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन।

मन्त्री

(४) अनुदानग्राहीले स्थानीय तहको वडा कार्यालयबाट एक भन्दा बढी कार्यक्रममा अनुदान प्राप्त नगरेको सिफारिस पत्र पेश गर्नुपर्नेछ।

१६. **भुक्तानी प्रक्रिया** : (१) साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम संचालन गर्दा स्वीकृत स्पेसिफिकेशन र लागत अनुमान वमोजिमका सामग्रीमा न्यूनतम मूल्य भन्दा बढी नहुने गरी मूल्य तोकी अनुदान प्रतिशत रकम उपलब्ध गराउनु पर्नेछ ।

(२) कृषि औजार तथा उपकरण खरिद गर्दा सार्वजनिक खरिद विधि अनुसार प्रतिस्पर्धा, पार्दर्शिता, विश्वसनियता र मितव्ययिता कायम गरी मुल्यको ५० (पचास) प्रतिशत वा बढीमा रु. ३५,०००।- (पैतिस हजार) बरावरको रकम भुक्तानी गर्नुपर्नेछ ।

(३) कार्यालयबाट छनौट भएका सुचीकृत आपूर्तिकर्ता वा निजको अधिकृत विक्रेता मार्फत कृषकहरुले सामान खरिद गरी सक्कल बिल सहित कृषकले भुक्तानी माग गरेपछि तोकिएको प्राविधिकको स्थलगत अनुगमन तथा सिफारिसको आधारमा कार्यालयबाट भुक्तानी हुनेछ।

तर, स्थानीय स्तरमा सुचीकृत आपुर्तिकर्ता नभएको अवस्थामा अनुदानग्राहीले अन्य स्थानीय आपुर्तिकर्ताबाट खरिद गर्न बाधा पर्ने छैन। अनुदानको हकमा समान स्पेसिफिकेसन अनुसारको यन्त्र उपकरणको अनुदान रकम भन्दा बढी हुनेछैन ।

## परिच्छेद-४

## कोभिड प्रभावित भइ गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामग्रीमा अनुदान सम्बन्धी व्यवस्था

१७. **कोभिड प्रभावित भइ गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामग्रीमा अनुदान कार्यक्रमः** कोभिड-१९ को कारण वैदेशिक रोजगारीमा गई भारत लगायत अन्य देशबाट फर्केका युवाहरु बढी प्रभावित भएकोले केहि वैदेशिक रोजगारमा गएका युवाहरु फिर्ता भैसकेका छन भने लकडाउन खुलेपछी अरु थप युवाहरु फर्किने क्रममा भएकोले ती युवाहरुलाई स्थानीय स्तरमा रोजगारीको व्यवस्था गर्नुपर्ने अवस्था छ। अहिलेको अवस्थामा औधोगिक तथा सेवा क्षेत्रमा बैदेशिक रोजगारीबाट फिर्ता भएका सबैका लागि रोजगारी सिर्जना हुने सम्भावना न्यून भएकोले कृषि क्षेत्र नै ग्रामीण रोजगारीको एक मात्र विकल्पको रुपमा रहेको छ। यसबाट रोजगारी सिर्जना हुने मात्र हैन भविष्यमा आउन सक्ने खाद्य संकटको समस्यालाई पनि यस कार्यक्रमले सहयोग गर्नेछ। यस कार्यक्रममा वैदेशिक रोजगारीबाट फर्केको र व्यावसायिक खेती गर्नेहरुलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।

१८. **उद्देश्यः** कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेका छन् :-

(क) कोभिडबाट कृषि क्षेत्रमा प्रतिकूल असर परेको क्षेत्रमा राहत रकम वा अनुदान उपलब्ध गराउने,

मन्त्री

(ख) कोभिडको महामारीवाट कृषि तथा पशुपन्छी क्षेत्रको लगानीमा नकारात्मक असर पर्न र उत्पादनमा ह्रास आउन नदिन सहयोग कार्यक्रम गर्ने,

(ग) कृषकहरुलाई कृषि पेशावाट पलायन हुने अवस्था रोकी कृषि क्षेत्रमा दीगोपना ल्याउने।

१९. **कार्यक्रम सञ्चालन प्रक्रिया**: (१) यो कार्यक्रम स्थानीय तहहरु मार्फत सञ्चालन गरिनेछ।

(२) स्थानीय तहले कम्तिमा १५ दिने सूचना प्रकाशन गरी निवेदन र प्रस्ताव माग बमोजिम कार्यक्रममा सहभागी हुन चाहने कृषक/उद्यमीहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्नेछ।

(३) सम्वन्धित स्थानीय तहले कम्तिमा एक सय जनाका दरले यस कार्यक्रममा व्यावसायिक खेती गर्न चाहने र बाहिरबाट फर्केका युवालाई सहभागी गराउन पर्नेछ।

(४) आफ्नै वा अरुको जग्गा भाडामा लिएर खेती गर्न चाहने र अन्य कुनै कार्यक्रमहरुमा मौका नपाएका कृषकहरुलाई प्राथमिकता दिइ समावेश गरिनेछ।

(५) यस कार्यक्रममा सहभागी हुन चाहनेहरुले सम्वन्धीत स्थानीय तहको वडा कार्यालयमा निवेदन दिन सक्नेछन।

(६) सम्वन्धीत वडा कार्यालयले परिवारको कुनै पनि सदस्य वैदेशिक रोजगारमा नभएको नेपाल भित्र सरकारी, अर्ध सरकारी वा निजी क्षेत्रमा रोजगारमा नभएको र स्वरोजगारबाट मासिक अनुदानग्राही रु. १०,०००।- (अक्षरुपी दस हजार मात्र) भन्दा बढी आम्दानी नभएको र हालैको कोभिडको कारण विदेशबाट फर्केको परिवारको प्रति परिवार १ जना भन्दा बढी नहुने गरी स्थानीय तहले प्राथमिकता दिनु पर्नेछ।

२०. **कार्यक्रम खर्च मापदण्ड**: (१) कार्यक्रममा सहभागी हुनेहरुले तरकारी खेती, फलफूल खेती, मौरीपालन, च्याउ खेती, कुखुरापालन, बंगुर, बाख्रापालन र माछापालन लगायत अन्य कृषि ब्यवसायको लागि आवश्यक पर्ने बीउ, नश्ल, मल, दाना, बिषादी, स-साना कृषि औजार, बाली संरक्षण सामग्री र थोपा सिंचाइको लागि आवश्यक सामग्रीहरु खरिद गर्नका साथै प्लाष्टिक घर, मौरी गोला, च्याउ घर र वल (पोका) खरिदको साथै खोर निर्माणमा प्रयोग गर्न सक्नेछन।

(२) कार्यक्रममा समावेश हुनेले वालीवस्तुको हकमा कम्तिमा तराईमा ५ कठ्ठा र पहाडमा २ रोपनी खेती गर्नु पर्नेछ।

(३) मौरीपालनको हकमा कम्तिमा ५ घार र गोला, च्याउ खेतीको हकमा कम्तिमा च्याउ घर र १०० वल (पोका), कुखुरापालनको हकमा कम्तिमा ५० चल्ला, बंगुर तथा बाख्रापालनको हकमा कम्तिमा ५ वटा पाठापाठी पाल्ने कृषक कार्यक्रममा समावेश हुन सक्नेछन्।

(४) यस कार्यक्रममा बजेटको परिधिभित्र रही तोकिएको सिमा भन्दा बढी नहुने गरी एक सय भन्दा बढी कृषकहरुलाई अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन।

(५) यो कार्यक्रममा अनुदानग्राहीले विल अनुसारको रकममा ५० प्रतिशत नबढ्ने गरी बढिमा रु. २०,०००।- (अक्षरुपी विस हजार) सम्मका दरले अनुदान प्राप्त गर्नेछन्।

(६) यस कार्यक्रममा एक सय जना सहभागीहरुलाई प्रति अनुदानग्राही बढिमा रु. २०,०००।- (अक्षरुपी विस हजार मात्र) का दरले कूल रु. २०,००,००० ।- (अक्षेरुपी वीस लाख मात्र) रकम खर्च लाग्नेछ।

२१. **भुक्तानी प्रक्रियाः** (१) कार्यालयको तर्फबाट आवश्यक पर्ने बीउ, नश्ल, मल, दाना, बिषादी, स-साना कृषि औजार, बाली संरक्षण सामग्री र थोपा सिंचाइको लागि आवश्यक सामग्रीहरु खरिद गर्नका साथै प्लाष्टिक घर, मौरी घार गोला, च्याउ घर र वल (पोका) खरिदको साथै खोर निर्माणमा प्रयोग गर्न आवश्यक सामग्रीहरु खरिदका लागि उपलब्ध गराइने अनुदान रकम खरिद बीलको ५० (पचास) प्रतिशत मात्र भुक्तानी गरिनेछ।

(२) स्थानीय तहको वडा कार्यालय वा कृषि प्राविधिकले कृषक छनौट तथा खेती गरिएको क्षेत्रफलको आधारमा भुक्तानीको लागि सिफारिस गर्नेछन।

## परिच्छेद-५

## एक स्थानीय तह एक उत्पादन कार्यक्रम सम्बन्धी व्यवस्था

२२. **एक स्थानीय तह एक उत्पादन कार्यक्रमः** नेपालमा स साना टुक्रे जमिनमा खेति गर्दा उत्पादन लागत बढन गई कृषकले राम्रो आम्दानी लिन सकेका छैनन्।भौगोलिक तथा धरातलिय अवस्था र तुलनात्मक लाभका आधारमा प्रत्येक स्थानीय तहमा कुनै एक वालीवस्तु छनौट गरी उत्पादन योजना बनाई अगाडि बढदा विदेशबाट आयात हुने कृषि उपजसँग प्रतिस्पर्धा गर्न सकी आयात प्रतिस्थापन गर्न र कम लागत मूल्यमा प्राप्त गर्न सकिने भएकोले एक स्थानीय तह एक उत्पादन कार्यक्रमलाई बढावा दिन आवश्यक देखिन्छ।

२३. **कार्यक्रम छनौटको आधारः** (१) योजना तर्जुमाको बखत सम्वन्धीत स्थानीय तह र उक्त क्षेत्रबाट प्रदेश सभाबाट प्रतिनिधित्व गर्ने प्रदेश सभासदहरुबाट सिफारिस भए अनुसार संलग्न अनुसुची-१ वमोजिमको उत्पादन क्षेत्रमा प्राथमिकता दिइ संचालन गर्नु पर्नेछ ।

(२) यस कार्यक्रम संचालन गर्दा कृषकहरुलाई प्रति ब्यक्ति बढिमा रु २०,०००।- (अक्षरुपी विस हजार) वा ५० प्रतिशत भन्दा बढि नहुने गरी अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

तर तोकिएको बाली वस्तु र व्यवसाय संग सम्वन्धीत सामुहिक खेती ब्यवसाय वा सामुहिक प्रयोजनमा आउने पुर्वाधार तथा संकलन केन्द्र निर्माण वा दुग्ध चिस्यान उपकरण खरिद वा कृषि पर्यटनको लागि पुर्वाधार निर्माण वा सामुहिक खेती गर्न वा बाली रोप्ने काट्ने प्रशोधन गर्ने काममा यान्त्रिकरण गर्न यसले बाधा पुरयाउने छैन ।

मन्त्री

(३) स्थानीय सम्भाब्यता तथा तुलनात्मक लाभका आधारमा सम्भाब्य वालीबस्तु पहिचान गरी उत्पादन क्षेत्र तोकिनेछ र तोकिएको क्षेत्रमा मात्र यो कार्यक्रम संचालन गर्नुपर्नेछ।

२४. **उद्देश्यः** कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :-

(क) स्थानीय सम्भाब्यताका आधारमा प्रत्येक स्थानीय तहमा एक एक वटा बालीवस्तुको उत्पादन क्षेत्र विकास तथा विस्तार गर्ने,

(ख) तुलनात्मक लाभको आधारमा बाली/बस्तुको पहिचान गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(ग) कृषि क्षेत्रमा उत्पादन देखि वजारिकरणसम्म मूल्य श्रृङ्खलामा आधारित कृयाकलापहरुमा स्वरोजगार श्रृजना गरी कृषकहरुको आम्दानी बृद्धि गर्ने,

(घ) कृषि पर्यटनको विकास गर्ने,

(ङ) तोकिएका बाली वस्तुमा उत्पादन बृद्धि गरी मूल्य अभिबृद्धि गर्न सामुहिक/सहकारी खेती/सामुहिक सिंचाइ/चक्लावन्दी खेती प्रवर्द्धन गर्ने ।

२५. **कार्यक्रम संचालन प्रक्रिया :**

(१) एक स्थानीय तह एक उत्पादन कार्यक्रम संचालन गर्दा योजना तर्जुमाको वखत सम्वन्धीत स्थानीय तह र प्रदेश सभा सदस्यबाट समेत माग भएको अनुसूची-१ वमोजिमको वालीवस्तुमा प्राथमिकता दिई कार्यक्रम संचालन गर्नुपर्नेछ।

(२) मन्त्रालयमा कार्यक्रम माग गर्दा पेश गरेको बाली वस्तु फरक परेमा मन्त्रालयलाई जानकारी गराउनुपर्नेछ ।

(३) कार्यक्रम सञ्चालन गर्दा बढिमा ३ क्लष्टरमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(४) कम्तिमा १५ दिने म्याद दिई प्रस्ताव आह्वानको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(५) सूचना प्रकाशन भए अनुरुप कृषक, समुह, सहकारीले देहाय बमोजिमका सबै प्रमाण संलग्न गरी निवेदनको साथमा प्रस्ताव पेश गर्न सक्नेछन्।

(क) ब्यक्तिगत कृषक वा कृषि उद्यमीको हकमा संक्षिप्त प्रस्ताव सहित कार्यक्रममा भाग लिन चाहेको आवेदन पत्र,

(ख) सम्वन्धीत स्थानीय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र,

(ग) समुह वा संस्थाको हकमा कार्यसमितिको बैठकले प्रस्ताव सहित कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

(६) कुनै पनि कार्यक्रम वा परियोजना लागु भएको क्षेत्रमा दोहोरो पर्ने गरी यो कार्यक्रम लागु गरिनेछैन्।

मन्त्री

(७) आवश्यक जानकारीका लागि सम्वन्धित कृषि ज्ञान केन्द्र/विज्ञ केन्द्र/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयसँग प्राविधिक सहयोग लिन सकिनेछ।

२६. **कार्यक्रम खर्च मापदण्ड** : (१) कार्यक्रममा सहभागी हुने ब्यक्तिगत कृषक तथा कृषि उद्यमीहरुले आवश्यक पर्ने बीउ, नश्ल, मल, पशु आहारा, बिषादी, स-साना कृषि औजार, बाली संरक्षण सामग्री र थोपा सिंचाइको लागि आवश्यक सामग्रीहरु खरिद गर्नका साथै प्लाष्टिक घर, मौरी घारगोला, च्याउ घर र वल (पोका) खरिदको साथै खोर निर्माण लगायत कृषि पशुपन्छी तथा मत्स्य व्यवसाय सञ्चालन गर्न आवश्यक सामग्रीहरु खरिदका सक्नेछन।

(२) तोकिएको बाली वस्तुको उत्पादन र बजारीकरणमा सहकारी मार्फत संचालन हुने र सामुहिक प्रयोजनमा उपयोगमा आउने यन्त्र उपकरण खरिद वा पुर्वाधार निर्माण (सामुहिक/सहाकारी खेती/सहकारी वा सामुहिक सिंचाइ/चक्लावन्दी खेती/संकलन केन्द्र निर्माण/चिलिङ्ग भ्याट/वाली रोप्ने कटानी चुटनी तथा प्रशोधन यन्त्र उपकरण खरिद आदि) को लागि लागत अनुमान र बजेटको परिधिभित्र रही कार्यक्रम संचालन गर्न सकिनेछ ।

(३) यो कार्यक्रममा सहभागी अनुदानग्राहीले प्रति ब्यक्ति विल अनुसारको रकममा ५० प्रतिशत नबढ्ने गरी वढिमा रु. २०,०००।- (अक्षरुपी विस हजार) सम्मका दरले अनुदान प्राप्त गर्नेछन् तर सामुहिक रुपमा प्रयोगमा आउने र सहकारी मार्फत संचालन हुने परियोजनाको लागि बजेटको परिधिभित्र रही कुल लागतको ५० प्रतिशत वा १० लाख जुन कम हुन्छ सो बरावरको रकम भुक्तानी हुनेछ।

२७. **भुक्तानी प्रक्रिया** : (१) कार्यालयको तर्फबाट ब्यक्तिगत कृषक वा कृषि उद्यमीहरुलाई बीउ, नश्ल, मल, दाना, बिषादी, स-साना कृषि औजार, बाली संरक्षण सामग्री र थोपा सिंचाइको लागि आवश्यक सामग्रीहरु खरिद गर्नका साथै प्लाष्टिक घर, मौरी घारगोला, च्याउ घर र वल (पोका) खरिदको साथै खोर निर्माणमा प्रयोग गर्न आवश्यक सामग्रीहरु खरिदका लागि बढीमा रु. २०,०००।- (अक्षरुपी विस हजार) वा ५० प्रतिशत मध्ये जुन कम हुन आउछ सोही वरावर रकम भुक्तानी गरिनेछ।

(२) समुह वा सहकारीबाट तोकिएको बाली वस्तुको उत्पादन र बजारीकरणमा सहकारी मार्फत संचालन हुने र सामुहिक प्रयोजनमा उपयोगमा आउने यन्त्र उपकरण खरिद वा पुर्वाधार निर्माण (सामुहिक/सहाकारी खेती/सहकारी वा सामुहिक सिंचाइ/चक्लावन्दी खेती/संकलन केन्द्र निर्माण/चिलिङ्ग भ्याट खरिद बाली रोप्ने काट्ने चुट्ने र प्रशोधन) को लागि लागत अनुमान र बजेटको परिधिभित्र रही बिल अनुसारको रकममा ५० प्रतिशत वा रु १०,००,०००।- (अक्षरुपी दस लाख) जुन कम हुन्छ सो बरावर भुक्तानी गरिनेछ ।

(३) स्थानीय तहको वडा कार्यालय वा कृषि प्राविधिकले कृषक छनौट तथा खेती गरिएको क्षेत्रफलको आधारमा भुक्तानीको लागि सिफारिस गर्नेछन।

मन्त्री

(४) सामुहिक प्रयोजनमा उपयोगमा आउने यन्त्र उपकरण खरिद गरेको भए उक्त उपकरणको प्राविधिक स्पेसिफिकेसन प्राविधिकबाट जाच गराई उक्त प्रतिवेदनका आधारमा र पुर्वाधार निर्माणको हकमा समेत प्राविधिकबाट जाँचपास गराई कार्यसम्पन्न प्रतिवेदनकन आधारमा भुक्तानी गरिनेछ ।

## परिच्छेद-६

## कृषि/पशुपन्छी अधिकृत जनशक्ति सेवा करार कार्यक्रम सम्बन्धी व्यवस्था

२८. **कृषि/पशुपन्छी अधिकृत जनशक्ति सेवा करार कार्यक्रमः** मन्त्रालयले स्थानीय तहको माग अनुसार कृषि तथा पशुपन्छी विकास तर्फका कृषि सेवा समुहका अधिकृत स्तरका प्राबिधिक सेवा करारमा भर्ना गर्न छनौट सम्बन्धी प्रकृया, मापदण्ड कार्यविधि एवं मूल्यांकनका आधारहरु तय गरी सिफारिस गरी पठाउनेछ।

२९. **उद्देश्यः** कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :-

(क) स्थानीय तह र सशर्त अनुदानमा सञ्चालन हुने कृषि, पशुपन्क्षी तथा मत्स्य विकास कार्यक्रम संचालन गर्ने,

(ख) कृषकहरुलाई नियमित, समय सापेक्ष तथा उपयुक्त प्राविधिक सेवा प्रवाह नियमित गर्ने,

(ग) कृषकहरुको संस्थागत विकास गर्न र कृषिका समसामयिक विषयवस्तु र सवालहरुमा प्राविधिक परामर्श र सुझाव दिने,

(घ) कृषि क्षेत्रका सरोकारवाला निकाय तथा व्यक्तिहरुसँग समन्वय गर्ने/गराउने,

(ङ) कृषि तथ्याङ्क विवरण सङ्कलन तथा अध्याविक गरी विश्लेषण गर्न प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने।

३०. **कार्यक्रम सञ्चालन प्रकृयाः** (१) सम्वन्धित स्थानीय तहले कार्यपालिकाको निर्णयानुसार कृषि वा पशुपन्छी क्षेत्रको कुन प्राविधिक आवश्यक छ सो अनुसार माग आकृति फाराम भराईनेछ।

(२) कृषि तथा पशुपन्छी विकास तर्फका अधिकृत स्तर कर्मचारी छनौट गर्न स्वीकृत सेवा करारमा प्राविधिक (अधिकृत तथा सहायकस्तर) कर्मचारी छनौट सम्बन्धी कार्यविधि,२०७७ बमोजिम छनौट गरी मन्त्रालयले पठाउनेछ।

(३) सेवा करारमा नियुक्त कर्मचारीहरुको पद आर्थिक वर्षभित्र रिक्त भएमा बैकल्पिक सूचीमा भएका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमको आधारमा सेवा करारको लागि सिफारिस गर्न सक्नेछ।

मन्त्री

३१. <u>कृषि/पशुपन्छी अधिकृतको क्षेत्रगत कार्यशर्तः</u> कृषि/पशुपन्छी अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) स्थानीय तहको कृषि तथा पशु सेवा शाखाको समन्वयमा प्राविधिक सहयोग कार्य गर्ने,

(ख) प्रदेश सरकारबाट सशर्त अनुदानमा सञ्चालन हुने कृषि, पशुपन्क्षी तथा मत्स्य विकास कार्यक्रम संचालन गर्ने,

(ग) कृषकहरुलाई नियमित, समय सापेक्ष तथा उपयुक्त प्राविधिक सेवा प्रवाह नियमित गर्ने,

(घ) कृषकहरुको संस्थागत विकास गर्न र कृषिका समसामयिक विषयवस्तु र सवालहरुमा प्राविधिक परामर्श र सुझाव दिने,

(ङ) कृषि क्षेत्रका सरोकारवाला निकाय तथा व्यक्तिहरुसँग समन्वय गर्ने/गराउने,

(च) स्थानीय तहको कृषि तथा पशुपन्छी विकास क्षेत्रमा वस्तुस्थितिको विश्लेषण गरी आवश्यकता पहिचान गर्ने र स्थानीय सम्भाव्यताको आधारमा कार्यक्रम तर्जुमामा सहयोग गर्ने,

(छ) वाली तथा पशुपन्छीहरुको लागि आवश्यक बीउ बिरुवा, नश्ल, औजार उपकरण र अन्य श्रोत सामाग्रीहरुको उत्पादन, वितरण तथा आपूर्ति व्यवस्था मिलाउन सहयोग गर्ने,

(ज) स्थानीय तहको कृषि तथ्याङ्क संकलन तथा अद्यावधिक गर्नुका साथै मौसमी विवरण, प्राकृतिक प्रकोपबाट बालीनाली तथा पशुपन्छी क्षेत्रमा भएका क्षति स्थिति सम्वन्धी बिवरण संकलन, विश्लेषण तथा सम्प्रेषण गरी प्रदेश सरकारलाई समेत जानकारी गराउने,

(झ) कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरुको उपलब्धिमूलक कार्यान्वयनका लागि स्थानीय तह र प्रदेश सरकार विच समन्वयकारी भूमिका खेल्ने,

(ञ) स्थानीय तह भित्र सञ्चालन भएका कृषि तथा पशुपन्छी विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिने,

३२. <u>सेवा सुविधा तथा खर्च मापदण्डः</u> (१) सेवा करारको कृषि तथा पशुपन्छी विकास अधिकृत स्तर सेवा करारमा नियुक्त कर्मचारीको पदावधि सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ।

(२) प्रदेश सरकारबाट शसर्त अनुदानमा स्थानीय तह बजेट विनियोजन भएको खण्डमा सालवसाली अस्थायी दरवन्दी स्वीकृत भएमा र सम्पादित कार्य सन्तोषजनक रहेमा वीचमा केही समय पद रिक्त राखी वा नराखी पुनः म्याद थप हुन सक्नेछ।

(३) मासीक पारिश्रमिक समान तह र पदले खाईपाई आएको शुरु तलब स्केल बराबर हुनेछ ।

(४) छनौट भएका उम्मेदवारहरुलाई मासिक पारिश्रमिक बाहेक सेवा करार सम्झौतामा उल्लेख भए बमोजिमको सम्वन्धीत स्थानीय तहले तोके अनुसार हुनेछ।

३३. <u>भुक्तानी प्रक्रियाः</u> स्थानीय तहले सेवा करार सम्झौतामा उल्लेख गरे बमोजिमको मासिक पारिश्रमिक र अन्य सुविधा भुक्तानी गर्नेछ।

## परिच्छेद-७

## बजेट खर्च प्रक्रिया र विविध

मन्त्री

३४. **बजेट खर्च प्रकृयाः**

(१) जुन कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ ।

(२) कार्यक्रम सञ्चालन र भूक्तानी प्रकृया गर्दा यस स्थानीय तह मार्फत सञ्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ अनुरुप कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

(३) कार्यक्रम संचालन गर्दा लकडाउनका कोभिड प्रभावित कृषकलाई प्राथमिकता दिनुपर्नेछ।

(४) कोभिड विशेष कृषि कार्यक्रम आ. व. २०७७/७८ भित्र नै सम्पन्न गरी हिसाब फरफारक गर्नुपर्नेछ ।

(५) शसर्त अनुदान वापतको रकम स्थानीय तहले आफ्नो स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नुपर्नेछ ।

(६) अनुदान रकम खर्च गर्दा स्थानीय तहले आफ्नो आन्तरिक नियन्त्रण प्रणाली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व र सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधिनमा रही मितव्ययी र पारदर्शी किसिमले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैंकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेछ ।

(७) प्रचलित कानून बमोजिम खर्चको आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने काम सम्वन्धीत स्थानीय तहको हुनेछ ।

(८) कायर्क्रम सम्पन्न पश्चात स्थानीय तहले कार्यक्रमबाट सहयोग पाउनेहरुको विवरण र चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन कार्य सम्पन्न भएको मितिले १५ दिन भित्र उपलव्ध गराउनु पर्नेछ।

३५. **कारबाहीको व्यवस्थाः** सम्झौता अनुरुप काम नगर्नेलाई कार्यालयले अनुदान रकम रोक्न सक्नेछ । यस कार्यान्वयन कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारबाही गरिनेछ ।

३६. **कार्यक्रमको सार्वजनिकीकरणः** अनुदान प्राप्त गरेको सम्वन्धीत स्थानीय तहले कार्यक्रमको सार्वजनिकीकरण समेत गरेको हुनुपर्नेछ ।

३७. **बाधा अड्काउ फुकाउः** यस कार्यान्वयन कार्यविधिको कार्यान्वयनमा केही बाधा ब्यवधान परेमा वा बिवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

३८. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषय यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

मन्त्री

अनुसूची-१

<u>एक स्थानीय तह एक उत्पादन कार्यक्रम</u>

(दफा २३ को उपदफा (१) र दफा २५ को उपदफा (१) सँग सम्वन्धित)

| सि. नं. | स्थानीय तह | उत्पादन | सि. नं. | स्थानीय तह | उत्पादन |
|---|---|---|---|---|---|
| १ | बर्दघाट नगरपालिका | बाख्रा | २७ | कालीगण्डकी गाउँपालिका | तरकारी |
| २ | रामग्राम नगरपालिका | तरकारी | २८ | गुल्मी दरबार गाउँपालिका | तरकारी |
| ३ | सुनवल नगरपालिका | गाई | २९ | सत्यवती गाउँपालिका | बाख्रा |
| ४ | सुस्ता गाउँपालिका | धान | ३० | चन्द्रकोट गाउँपालिका | तरकारी |
| ५ | पाल्हीनन्दन गाउँपालिका | माछा | ३१ | रुरुक्षेत्र गाउँपालिका | उखु |
| ६ | प्रतापपुर गाउँपालिका | केरा | ३२ | छत्रकोट गाउँपालिका | (गाई/भैसी) |
| ७ | सरावल गाउँपालिका | माछा | ३३ | धुर्कोट गाउँपालिका | बाख्रा |
| ८ | बुटवल उपमहानगरपालिका | तरकारी | ३४ | मदाने गाउँपालिका | बाख्रा |
| ९ | देवदह नगरपालिका | गाई/भैसी | ३५ | मालिका गाउँपालिका | तरकारी |
| १० | लुम्बिनी सांस्कृतिक नगरपालिका | तरकारी | ३६ | सन्धिखर्क नगरपालिका | तरकारी |
| ११ | सैनामैना नगरपालिका | बाख्रा | ३७ | शितगंगा नगरपालिका | बाख्रा |
| १२ | सिद्धार्थनगर नगरपालिका | तरकारी | ३८ | भूमिकास्थान नगरपालिका | बाख्रा |
| १३ | तिलोत्तमा | तरकारी | ३९ | छत्रदेव गाउँपालिका | बाख्रा |

मन्त्री

| सि. नं. | स्थानीय तह | उत्पादन | सि. नं. | स्थानीय तह | उत्पादन |
|---|---|---|---|---|---|
| | नगरपालिक | | | | |
| १४ | गैडहवा गाउँपालिका | मकै | ४० | पाणिनी गाउँपालिका | तरकारी |
| १५ | कन्चन गाउँपालिका | गाई | ४१ | मालारानी गाउँपालिका | बाख्रा |
| १६ | कोटहीमाई गाउँपालिका | तरकारी | ४२ | रामपुर नगरपालिका | तरकारी |
| १७ | मर्चवारी गाउँपालिका | भैंसी | ४३ | तानसेन नगरपालिका | बाख्रा |
| १८ | मायादेवी गाउँपालिका | गाई/भैंसी | ४४ | निस्दी गाउँपालिका | बाख्रा |
| १९ | ओमसतिया गाउँपालिका | खाद्यान्न | ४५ | पूर्वखोला गाउँपालिका | तरकारी |
| २० | रोहिणी गाउँपालिका | भैंसी | ४६ | रम्भा गाउँपालिका | तरकारी |
| २१ | सम्मरीमाई गाउँपालिका | तरकारी | ४७ | माथागढी गाउँपालिका | तरकारी |
| २२ | सियारी गाउँपालिका | तरकारी | ४८ | तिनाउ गाउँपालिका | तरकारी |
| २३ | शुद्धोधन गाउँपालिका | तरकारी | ४९ | बगनासकाली गाउँपालिका | बाख्रा |
| २४ | मुसिकोट नगरपालिका | तरकारी | ५० | रिब्दिकोट गाउँपालिका | अदुवा |
| २५ | रेसुङ्गा नगरपालिका | तरकारी | ५१ | रैनादेवी छहरा गाउँपालिका | तरकारी |
| २६ | ईस्मा गाउँपालिका | कोदो वाली | ५२ | प्यूठान नगरपालिका | तरकारी |
| ५३ | स्वर्गद्वारी नगरपालिका | तरकारी | ८२ | शान्तिनगर गाउँपालिका | तरकारी |

| सि. नं. | स्थानीय तह | उत्पादन | सि. नं. | स्थानीय तह | उत्पादन |
|---|---|---|---|---|---|
| ५४ | गौमुखी गाउँपालिका | किवी | ८३ | बबई गाउँपालिका | गाई/भैसी |
| ५५ | माण्डवी गाउँपालिका | तरकारी | ८४ | कपिलवस्तु नगरपालिका | तरकारी |
| ५६ | सरुमारानी गाउँपालिका | बाख्रा | ८५ | बुद्धभुमी नगरपालिका | तरकारी |
| ५७ | मल्लरानी गाउँपालिका | बाख्रा | ८६ | शिवराज नगरपालिका | बाख्रा |
| ५८ | नौवहिनी गाउँपालिका | (भैसी) | ८७ | महाराजगंज नगरपालिका | धान |
| ५९ | झिमरुक गाउँपालिका | तरकारी | ८८ | कृष्णनगर नगरपालिका | गाई/भैसी |
| ६० | ऐरावती गाउँपालिका | तरकारी | ८९ | बाणगंगा नगरपालिका | तरकारी |
| ६१ | रोल्पा नगरपालिका | रेशम | ९० | मायादेवी गाउँपालिका | बाख्रा |
| ६२ | त्रिवेणी गाउँपालिका | बाख्रा/ भैसी | ९१ | यसोधरा गाउँपालिका | तरकारी |
| ६३ | परिवर्तन गाउँपालिका | पहाडी माछा | ९२ | सुद्धोधन गाउँपालिका | गाई/भैसी |
| ६४ | माडी गाउँपालिका | तरकारी | ९३ | विजयनगर गाउँपालिका | बाख्रा |
| ६५ | रुन्टीगढी गाउँपालिका | तरकारी | ९४ | नेपालगंज उपमहानगरपालिका | तरकारी |
| ६६ | लुङग्री गाउँपालिका | बाख्रा | ९५ | कोहलपुर नगरपालिका | तरकारी |
| ६७ | गंगादेव गाउँपालिका | अदुवा | ९६ | नरैनापुर गाउँपालिका | गाई/भैसी |
| ६८ | सुनछहरी गाउँपालिका | पाहा पालन | ९७ | राप्ती सोनारी गाउँपालिका | बाख्रा |
| ६९ | सुनिल स्मृति | मसला वाली | ९८ | बैजनाथ गाउँपालिका | बाख्रा |

मन्त्री

| सि. नं. | स्थानीय तह | उत्पादन | सि. नं. | स्थानीय तह | उत्पादन |
|---|---|---|---|---|---|
| | गाउँपालिका | | | | |
| ७० | थवाङ गाउँपालिका | मकै बीउ | ९९ | खजुरा गाउँपालिका | तरकारी |
| ७१ | पुथा उत्तरगंगा गाउँपालिका | स्याउ | १०० | डुडुवा गाउँपालिका | गाई/भैसी |
| ७२ | भूमे गाउँपालिका | तरकारी | १०१ | जानकी गाउँपालिका | गाई/भैसी |
| ७३ | सिस्ने गाउँपालिका | भेडा | १०२ | गुलरिया नगरपालिका | तरकारी |
| ७४ | तुल्सीपुर उपमहानगरपालिका | गाई/भैसी | १०३ | मधुवन नगरपालिका | गाई/भैसी |
| ७५ | घोराही उपमहानगरपालिका | तरकारी | १०४ | राजापुर नगरपालिका | तरकारी |
| ७६ | लमही नगरपालिका | गाई/भैसी | १०५ | ठाकुरबाबा नगरपालिका | धान बीउ |
| ७७ | बंगलाचुली गाउँपालिका | बाख्रा | १०६ | बाँसगढी नगरपालिका | गाई/भैसी |
| ७८ | दंगीशरण गाउँपालिका | तरकारी | १०७ | बारबर्दिया नगरपालिका | बाख्रा |
| ७९ | गढवा गाउँपालिका | गाई/भैसी | १०८ | बढैयाताल गाउँपालिका | गाई/भैसी |
| ८० | राजपुर गाउँपालिका | गाई/भैसी | १०९ | गेरुवा गाउँपालिका | बंगुर |
| ८१ | राप्ती गाउँपालिका | गाई/भैसी | | | |